# प्रेस विज्ञप्ति

समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रिय कोष स्थापना तथा संचालन सम्बन्धमा राज्यकोषको रकमबाट बचत फिर्ता गरिएको भन्ने सार्वजनिक रुपमा गुनासो तथा भ्रम सृजना भएको तर्फ यस समितिको ध्यानाकर्षण भएको छ। समितिबाट हाल नेपाल सरकारद्वारा समस्याग्रस्त घोषित बिस सहकारीका दश हजार भन्दा कम बचत मागदाबी भएका साना बचतकर्ताहरुको बचत फिर्ताको कार्य चरणबद्ध रुपमा भईरहेको छ। सो को लागि हालसम्म समितिमा चक्रिय कोष स्थापना भई खाता संचालन नभएको, तथापि समस्याग्रस्त सहकारी संस्थाहरुबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्ताहरुलाई बचत फिर्ता गर्ने कार्य प्रचलित कानुनी व्यवस्था बमोजिम निरन्तर रुपमा संचालन भइरहेको व्यहोरा सम्बन्धित सबैको लागि यो विज्ञप्ति मार्फत जानकारी गराईन्छ।

समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको बचत फिर्ता गर्न सहकारी ऐन, २०७४ को दफा १०८ (क) मा भएको व्यवस्था, आ.व. २०८२/८३ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. २३ तथा बजेट बक्तव्यको बुँदा नं. ६१, सम्मानित सर्वोच्च अदालतबाट जारी भएको २०८२/१०/११ को आदेश (मुद्दा नं. ०८०-WO-०५४१) र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत एक सय कार्य सूचिहरुको बुँदा नं. ९९ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले समस्याग्रस्त सहकारी व्यवस्थापन समिति अन्तर्गत रहने गरी **"समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रिय कोष स्थापना तथा संचालन सम्बन्धि कार्यविधि, २०८३"** जारी गरेको छ।

कार्यविधिको दफा ५ मा कोषबाट बचत फिर्ता गर्दा सम्बन्धित सहकारी संस्थाको नाममा सापटी जनाई अभिलेख राख्नुपर्ने, ऐनको दफा ११२ "क" बमोजिम मागदाबी निवेदन पेश गरेका बचतकर्ताको बैंङ्क खाता मार्फत दोहोरो नपर्ने गरी बचत फिर्ता गर्ने र दफा ८ मा समितिले सम्बन्धित संस्थाबाट ऋण असुली, सम्पत्ति बेचबिखन लिलाम बिक्री र संचालक, व्यवस्थापक एवं अन्य सम्बन्धित व्यक्तिबाट असुल उपर भएको रकम संस्थाको नाममा सापटी उपलब्ध गराएको रकम सोधभर्ना गर्नुपर्ने व्यवस्था रहेकोमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले कर्जा असुलिलाई प्राथमिकता दिई काम गरी रहेको र समितिबाट हालसम्म सम्बन्धित सहकारीका ऋणीबाट असुल भएको रकम सोहि सहकारी संस्थाका बचतकर्तालाई फिर्ता गरिरहेको र नेपाल सरकारबाट चक्रिय कोषमा प्राप्त हुने रकम सहकारीका कुनै बचतकर्तालाई वितरण नगरिएको व्यहोरा समेत यसै विज्ञप्ति मार्फत जानकारी गराईन्छ।

२०८३/०२/१२

(सरस्वती पराजुली)
निमित्त सदस्य सचिव
नि· सदस्य-सचिव